# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः २०७९।०३।०३

## भाग-२

शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## "सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०७८"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले यो **"सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०७८"** जारी गरेको छ ।

<u>कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०९/२८ गते</u>

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को अनुसूची ८ को (५,६,७,१७) बमोजिम स्थानीय तहमा रहेको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र अन्तर्गत दफा ११ को उपदफा-२(थ) मा भएको व्यवस्था बमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित तथ्यांक संकलन गर्न, वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा निजका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक-पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यतालाई कम गर्न विप्रेषणको अधिकतम् सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको व्यवस्थापन गर्न रसामाजिक पुनःएकिकरणसँग सम्बन्धित कार्यक्रम संचालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी बाध्यात्मक वैदेशिक रोजगारीलाईअन्त्य गर्न वाञ्छनीय भएकोलेशिवराज नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम शिवराज नगरपालिकाले **"सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७८"** स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

**क.** यो कार्यविधिको नाम **सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०७८** रहने छ ।

**ख.** यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा तथा व्याख्याः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **ऐन** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

ख. **कार्यविधि** भन्नाले सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७८ लाई सम्झनु पर्दछ ।

ग. **स्थानीय तह** भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्दछ ।

घ. **मन्त्रालय** भन्नाले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

ङ. **विभाग** भन्नाले वैदेशिक रोजगार विभागलाई सम्झनु पर्दछ ।

च. **बोर्ड** भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई सम्झनु पर्दछ ।

छ. **आप्रवासी स्रोत केन्द्र/उप-केन्द्र** भन्नाले सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धी अन्य विशिष्टिकृत सेवा प्रदान गर्ने केन्द्रलाई सम्झनु पर्नेछ ।

ज. **उप-शाखा** भन्नाले शिवराज नगरपालिकाको सामाजिक विकास शाखा अन्तरगत रहेको श्रम तथा रोजगार उप-शाखालाई सम्झनु पर्दछ ।

झ. **मोड्युल** भन्नाले वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरु प्रवाह गर्नको लागि सम्बन्धित स्थानीय तहले तयार गरी लागू गरेको मोड्युलहरुलाई सम्झनु पर्दछ ।

ञ. **सम्बन्धित निकाय** भन्नाले वैदेशिक रोजगार सम्बन्धी विशेष सेवा प्रवाह गर्ने निकायहरु वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय, कन्सुलर सेवा विभाग, गन्तब्य मुलुकहरुमा रहेका नेपाली दुतावास र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्य तथा रणनीति

### ३. कार्यविधिको उद्धेश्यः

रोजगारी छनौट गर्ने अधिकार प्रत्येक नागरिकसँग रहेको छ । वैदेशिक रोजगारी पनि रोजगारीको एउटा बिकल्प हो । यस शिवराज नगरपालिकाबाट वैदेशिक रोजगारमा जान चाहने युवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र अधिक लाभदायक बनाउनका लागि सहयोग पुऱ्याउन, वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार र वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई लक्षित गरी सम्बन्धित कार्यक्रमहरु तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो कार्यविधी तयार गरिएको छ । त्यस्ता कार्यक्रमहरु तर्जुमा तथा संचालन गर्दा शिवराज नगरपालिका स्वयंले वा अन्य स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसंगको सहकार्य तथा साझेदारीमा कार्यक्रम संचालन गर्न सक्नेछ । यसको साथै आवश्यक बजेटको व्यवस्था गरी वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै सुरक्षित आप्रवासनको क्षेत्रमा सुशासन प्रवर्द्धनका लागि पारदर्शी र जवाफदेही ढंगबाट कार्यक्रम सञ्चालन गर्नु यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ । यसको साथै तपसिलका विशिष्ट उद्देश्यहरु रहेका छन् ।

क. सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित गतिविधिहरु (वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति तथा निजका परिवार र विदेशबाट फर्केर आएका व्यक्तिहरु) लाई लक्षित गरी एकिकृत रुपमा योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख. सुरक्षित वैदेशिक रोजगारीका लागि नगरपालिका स्वंयमले वा अन्य स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँगको साझेदारीमा बजेट व्यवस्थापन र योजना तर्जुमा गरी कार्यक्रम संचालन गर्ने ।

ग. वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, निजका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई लक्षित गरी ईलाका प्रशासन कार्यालयसँगको समन्वय तथा सहकार्यमा ईलाका प्रशासन कार्यालय हाता भित्र सुरक्षित

वैदेशिक रोजगारका लागि आप्रवासी श्रोत उपकेन्द्रको स्थापना तथा संचालन गर्न सक्ने छ ।

घ. जिल्ला स्थित अन्य स्थानीय तह, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, सीप तालिम प्रदान गर्ने निकाय, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरुसँग समन्वय तथा सहकार्यलाई बढावा दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ङ. वैदेशिक रोजगारसँग सम्बन्धित संचालन भएका कार्यक्रम तथा गतिविधीहरुका प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दीगो रुपमा व्यवस्थापन गर्ने ।

## ४. रणनीतिः

४.१ वैदेशिक रोजगारको क्षेत्र बहुसरोकारको विषय भएकोले यस क्षेत्रको व्यवस्थापनमा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको भूमिका तथा संलग्नता महत्वपूर्ण हुनेछ । यस क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा समीक्षामा सम्बन्धित सबैको अर्थपूर्ण सहभागितामा जोड दिईने छ । यस स्थानीय तह भित्रका विषयगत शाखाहरु मार्फत योजनाहरु बनाउँदा वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति,तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुसँग सम्बन्धित सवालहरुलाई प्राथमिकता दिई योजनामा समावेश गरिने छ ।

४.२. यस क्षेत्रको प्रभावकारी व्यवस्थापन, न्यून लागत, श्रोत साधनको अधिकतम् उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय सरकार संचालन ऐनको दफा २६ को मर्म अनुसार आप्रवासी श्रोत उपकेन्द्र सञ्चालन, जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास, अनुगमन जस्ता कार्यहरुमा अन्य स्थानीय तहसँग पनि सहकार्य गर्न सकिने छ । त्यसको साथै प्रदेश सरकार, संघीय सरकार अन्तरगतका सम्बन्धित मन्त्रालय, विभाग, वोर्ड तथा सम्बन्धित साझेदार संस्था/नियोगहरुसँग पनि समन्वय तथा सहकार्यमा जोड दिईने छ ।

४.३. ईलाका प्रशासन कार्यालयसँगको समन्वय तथा सहकार्यमा ईलाका प्रशासन कार्यालय हाता भित्र सुरक्षित वैदेशिक रोजगारका लागि आप्रवासी श्रोत उप-केन्द्रको स्थापना तथा संचालन गर्न सक्ने छ।

४.४. आप्रवासी श्रोत केन्द्र/उप-केन्द्र स्थापना र संचालनका लागि एक र एक भन्दा बढी स्थानीय तहहरुले बजेट व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन, गुणस्तरीयता कायम र अनुगमन लगायतको क्षेत्रमा सहकार्य गरि सुरक्षित वैदेशिक रोजगार सम्वन्धी निःशुल्क सूचना तथा परामर्श सेवा लगायतका सेवाहरु प्रदान गर्न सक्ने छ।

## परिच्छेद-३
## योजना तर्जुमा तथा कार्यक्रम सञ्चालनका क्षेत्रहरु

**५. सुरक्षित आप्रवासन सम्बन्धी तथ्यांक संकलन, योजना तर्जुमा तथा कार्यान्वयनः**

**५.१ वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनः** यस नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्ने छ । उक्त कार्यको लागि करिब १ महिनाको लागि प्रत्येक वडामा १/१ जना गणक नियुक्त गरी परिचालन गरिने छ र सो को संयोजन यस स्थानीय तहको रोजगार शाखाले गर्ने छ । तथ्यांक संकलन गर्दा हाल वैदेशिक रोजगारमा रहेका संख्या, सीप तालिम तथा सूचनामा आप्रवासी कामदारको पहुँच, रेमिटयान्स प्राप्ति तथा सो को उपभोग/उपयोग सम्बन्धी विवरण, सामाजिक लागत सम्बन्धिका जानकारीहरु र आप्रवासी कामदारहरूले सामना गर्नु परेको समस्या (सम्पूर्ण आप्रवासन चक्रमा) लगायतका विषयहरु समेटिने छ । यसको अलावा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको संख्या, उनीहरुले आर्जन गरेका सीप, दक्षता तथा पूंजी र निजहरुद्वारा संचालित उद्यम तथा व्यावशाय लगायतको विवरणहरु संकलन गरी वैदेशिक रोजगार सम्बन्धी वस्तुगत विवरण तयार गरिने छ । उक्त संकलित तथ्यांक तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक

तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरी कार्यक्रमहरु लागू गरिने छ ।

**५.२ सुरक्षित आप्रवासन सम्बन्धी सुचना, परामर्श तथा सेवा केन्द्र सञ्चालनः**

**(क) आप्रवासी स्रोत केन्द्र/उप-केन्द्र संचालन तथा व्यवस्थापनः**

जिल्ला प्रशासन कार्यालय रहेको स्थानीय तह स्वयंले वा अन्य स्थानीय तहहरु सँगकोसमन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी स्रोत केन्द्र स्थापना गरी जिल्लाका सबै स्थानीय तहबाट वैदेशिक रोजगारमा जानको लागि राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सीप तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका सेवाहरु प्रदान गरिने छ।शिवराज नगरपालिकाले ईलाका प्रशासन कार्यालयसँगको समन्वय तथा सहकार्यमा ईलाका प्रशासन कार्यालय हाता भित्र सुरक्षित वैदेशिक रोजगारका लागि आप्रवासी श्रोत उप-केन्द्रको स्थापना तथा संचालन गर्न सक्ने छ । साथै उक्त श्रोत केन्द्र मार्फत वैदेशिक रोजगारको शिलशीलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सहज न्याय, क्षतिपूर्ति, आर्थिक सहायता/राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्यमा आवश्यक सहजिकरण गरिनेछ । आप्रवासी स्रोत केन्द्र/उप-केन्द्र ले सूचना प्रवाहलाई व्यापकता दिनको लागि संचार माध्यमहरु सँग पनि निकटतम् समन्वय तथा सहकार्यमा काम गर्ने छ । आप्रवासी स्रोत केन्द्र/उप-केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड एवं पूर्वाधारहरू ब्यवस्था गरिने छ ।उक्त स्रोत केन्द्र/उप-केन्द्रले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रोजगार सूचना केन्द्र सँग सूचना प्रवाह, सीप तालिममा सिफारिस, सूचना आदान प्रदान लगायतका क्षेत्रमा निकटतम् समन्वय र सहकार्य गरी कार्य संचालन गर्नेछ ।

उक्त केन्द्रमा २ जना (कम्तिमा १ जना महिला सहित) सुचना तथा परामर्शकर्ता नियुक्त गरी परिचालन गरिने छ । उनीहरुको योग्यता,

अनुभव तथा सेवा सुबिधा परिच्छेद -५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिमको हुनेछ ।आप्रवासी श्रोत केन्द्र उप-केन्द्र मार्फत सूचना तथा परामर्श सेवा प्रवाहको लागि परामर्शकर्ताको लागि सहयोगी हाते पुस्तिका तयार गरि कार्यान्वयन गरिने छ ।

**(ख) रिटर्नी परिचालनः** नगर क्षेत्र भित्रका दुरदराजका गाउँ तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचार प्रसार गरी सूचना सम्प्रेषण गर्न,वैदेशिक रोजगार सम्बन्धी समस्याहरु पहिचान गरी थप विशिष्टिकृत सहयोगका लागि आप्रवासी श्रोत केन्द्र/उप-केन्द्रमा सिफारिस गरी पठाउन, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्न र वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनमा सहयोग गर्नका लागि वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरी फर्केका महिला तथा पुरुषहरुलाई सम्बन्धित वडाहरुमा आंशिक वा पूर्ण कालिन कर्मचारीका रुपमा रिटर्नीहरु परिचालन गरिनेछ । वैदेशिक रोजगारमा गई फर्केका व्यक्तिहरुले गन्तव्य मुलुकहरुको नियम कानुन, धर्म सँस्कृति, संस्कार, हावापानी र कामसँग सम्बन्धित व्यवहारिक ज्ञान तथा अनुभवहरु सम्भावित आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सही सूचना सम्प्रेषण गर्ने भएकोले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनमा महत्वपूर्ण योगदान पुग्नेछ ।

**(ग) समुदाय स्तरमा सचेतना मुलक कार्यक्रमः** नगरपालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदायस्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरुमा, वा वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको बारेमा सुचना दिनको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । समुदाय अभिमुखिकरण कार्यक्रम सञ्चालनका लागि सञ्चालन मोड्युल तयार गरी लागु गरिने छ । यसको अलावा नगरपालिका तथा वडा कार्यालयद्वारा आवश्यकता अनुसारका सचेतनामुलक कार्यक्रमहरु (संदेश मुलक सडक

नाटक, होर्डिंग बोर्ड आदि) निर्माण गरी समुदाय स्तरमा संचालन गरिने छ ।

५.३. **सीप तालिम संचालन तथा सहजिकरणः** वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारहरको पहिचान गरि वैदेशिक रोजगारमा रहँदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम प्रदानको लागि वैदेशिक रोजगार वोर्डको सचिवालय, प्रदेश सरकार तथा नेपाल सरकारको प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT) द्वारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरिने छ । उक्त तालिमहरु गन्तव्य मुलुकको आवश्यक्ता तथा मापदण्ड अनुरुपको पाठ्यक्रम निर्माण गरी संचालन गरिने छ । तालिम सञ्चालन सम्बन्धी मोड्युल आवश्यकता अनुसार नेपाल सरकार को प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (CTEVT) वैदेशिक रोजगार बोर्डको सचिवालय र तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा तयार गरी लागू गरिने छ ।

५.४. **न्यायमा सहजिकरणः** वैदेशिक रोजगारको क्रममा हुने ठगी, बेपत्ता, अलपत्र, राहत/आर्थिक सहायता प्राप्ति तथा उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि आप्रवासी श्रोत केन्द्र/उप-केन्द्र मार्फत सहजिकरण गरिने छ । त्यस्ता समस्याहरुमा सहजिकरणका लागि समस्याको प्रकृति अनुसार जिल्ला/इलाका प्रशासन कार्यालय, जिल्ला/इलाका प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग, न्यायाधिकरण, श्रम कन्सुलर, गन्तब्य स्थित नेपाली दुताबास यस क्षेत्रमा क्रियाशील संघ संस्था लगायतका निकायहरु सँग प्रभावकारी समन्वय तथा सहकार्यमा जोड दिइने छ । वैदेशिक रोजगार सँग सम्बन्धित ठगीका समस्याहरु न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएकोले न्यायिक समितिले पनि जिल्ला प्रशासन कार्यालय तथा अधिकार प्राप्त निकायहरुसँग समन्वय तथा सहकार्य गर्नेछ ।

**५.५. वित्तीय सक्षरता सम्बन्धी कार्यक्रमः** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आयमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रिय रुपमा वैदेशिक रोजगारमा गई रहनु पर्ने बाध्यताको अन्त्यका लागि रेमिटयान्स प्राप्त गर्ने परिवारका सदस्यहरुका साथै वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई व्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिने छ । उक्त कार्यको लागि वैदेशिक रोजगार बोर्ड, वित्तीय संस्थाहरु तथा सो सँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्न सकिने छ । वित्तीय साक्षरता कक्षा पश्चात सहभागिहरुले कक्षामा बचत बृद्दि, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट निर्माण, व्यसायिक क्षेत्रको पहिचान, योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमुलक गतिविधिहरुमा संलग्न हुनेछन् । उक्त कक्षा व्यवस्थापन तथा संचालनका लागि वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गरिने छ । वित्तीय साक्षरता सहजकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद - ५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ । शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न, सहजकर्ताको क्षमता विकास गर्न र कक्षा संचालनका लागि सिकाई सामाग्री बिकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्ने छ । उक्त वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि मोड्युल तयार गरि लागू गरिने छ ।

**५.६. सीपको पहिचान, उपयोग तथा उद्यमशिलता विकास कार्यक्रमः** वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलालाई लक्षित गरी स्थानीय स्तरको सम्भाव्यता तथा ति व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम संचालन गरिने छ । कार्यक्रम निर्माण तथा संचालन गर्दा लक्षित वर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइने छ । यसको लागि आवश्यक मापदण्ड तयार गरी कार्यक्रम

संचालन गरिने छ । यसको साथै विदेशबाट फर्केर आएका व्यक्तिहरुसँग भएको सीप तथा दक्षता सम्बन्धिको विवरणलाई संकलन गरी रोष्टर बनाई राखिने छ । उक्त जनशक्तिलाई दक्षता र आवश्यकताको आधारमा स्थानीय स्तरमा संचालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिने छ। यसको अलवा वैदेशिक रोजगारको क्रममा सीप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षण कार्यक्रम संचालन गरिने छ । उक्त सीप परीक्षणका कार्यक्रम संचालन गर्दा नेपाल सरकारको सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिने छ । यस सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमनका लागि आवश्यक्ता अनुसार मापदण्ड तयार गरी लागू गरिने छ ।

५.७ **मनोसामाजिक परामर्श सेवाः** वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । उक्त सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरी परिचालन गरिने छ । मनोसामाजिक परामर्शकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा परिच्छेद - ५ को बुँदा नम्बर ९ मा उल्लेख भए बमोजिम हुनेछ । शुरुवातको चरणमा उक्त सेवालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास गर्न विज्ञ व्यक्ति/संस्थाको सेवा खरिद गरी विशेषज्ञ सेवा लिन सक्ने छ । मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी विशेषज्ञ संस्था/निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । उक्त सेवालाई स्थानीय तहले क्रमसः आफ्नो स्वास्थ्य शाखामा आन्तरिकिकरण गर्दै लगिने छ । सो सेवा संचालनका लागि आवश्यक मोड्युल सम्बन्धित विशेषज्ञहरुको सहयोगमा तयार गरी कार्यान्वयन गरिने छ । यसको अलवा स्थानीय तह भित्र रहेका मानसिक स्वास्थ्यको क्षेत्रमा

दक्षता हासिल गरेका व्यक्तिहरुको सूची तयार गरी आवश्यकता अनुसार परिचालन गर्नेछ । गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिहरुलाई आवश्यक उपचार सहयोगको लागि सहयोग कोष स्थापना तथा संचालन गरिने छ । यसको अलावा वैदेशिक रोजगारसँग सम्बन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु संचालन गरिने छ ।

५.८. **अन्तरक्रिया तथा छलफल/कार्यक्रमः** वैदेशिक रोजगार बहुसरोकारको क्षेत्र भएकोले नगरपालिकाको एकल प्रयासले मात्र पूर्ण नहुने भएकोले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धी मूलक बनाउन तथा वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सीपलाई प्रभावकारी रुपमा परिचालन लागि आवश्यक वातावरण सिर्जना गर्न सम्बन्धित सरोकारवालाहरुसँग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ ।

५.९. **छात्रावृत्ति कार्यक्रमः** यस शिवराज नगरपालिका क्षेत्र भित्रबाट वैदेशिक रोजगारका क्रममा मृत्यु भई अभिभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रावृत्ति सहयोग प्रदान गरिने छ । बेपत्ता भएका व्यक्तिको हकमा ५ वर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकाहरुलाई समेटिने छ । त्यस्तो छात्रावृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत प्रदान गर्ने छात्रावृत्ति सहयोगले नसमेटिएका बालबालिकाहरुको लागि मात्र व्यवस्था गरिने छ । छात्रावृत्ति सहयोगलाई दुई तहमा विभाजन गरी प्रदान गरिने छ । जस अनुसार आधारभूत तहका बालबालिकालाई वार्षिक ८ हजार र माध्यमिक तहका बालबालिकालाई बार्षिक १२ हजारका दरले छात्रावृत्ति प्रदान गरिने । यस्तो छात्रावृत्ति सरकारी, सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत १८ बर्षसम्मका विद्यार्थीहरुलाई प्रदान गरिने छ । जसको लागि विद्यार्थी अध्ययनरत विद्यालय र सम्बन्धित वडा कार्यालयले वैदेशिक

रोजगारमा गई मृत्यु तथा अङ्गभङ्ग, बेपत्ता भएको प्रमाण सहित नगरपालिकामा सिफारिस गर्ने छ । प्राप्त निवेदनहरुलाई नगरपालिकाले आवश्यक छानविन गरी छात्रावृत्ति प्रदान गर्ने छ । निवेदनको आवश्यक ढाँचा तथा फारामहरुको नमुना तयार गरि कार्यान्वयन गरिने छ ।

## परिच्छेद ४
## सम्बन्धित विषयगत शाखा निर्धारण तथा निर्देशक समिति

**६. सम्बन्धित विषयगत शाखा निर्धारणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-११ (प्रशासकीय संगठन) को दफा ८३ बमोजिम कार्यपालिका एवं नगरसभाको निर्णय अनुसार सामाजिक विकास शाखा अन्तरगत श्रम तथा रोजगार उप-शाखा मार्फत आन्तरिक तथा वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ । उक्त शाखाले अन्य शाखा/उप-शाखाहरुसँग समन्वय गरी कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यन्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरु गर्ने छ । उक्त शाखाको संयोजन तथा शाखा प्रमुखको जिम्मेवारी कार्यपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारीले गर्नेछ ।

**७. स्थानीय तहको सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिः**

वैदेशिक रोजगारसँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, कार्यन्वयन, अनुगमन तथा सम्बन्धित सरोकारवालहरुसँग समन्वय लगायतका कार्यमा दिशा निर्देश गर्न देहाय बमोजिमको नगरपालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको व्यवस्था गरिएको छ ।

अध्यक्षः प्रमुख

उपाध्यक्ष उप-प्रमुख

सदस्यहरुः प्रमुख प्रशासकीय अधिकृत,
आर्थिक विकास शाखा प्रमुख,
सामाजिक विकास शाखा प्रमुख,
स्वास्थ्य शाखा प्रमुख,
रोजगार संयोजक (प्रधानमन्त्री रोजगार कार्यक्रम),

सदस्य सचिव श्रम तथा रोजगार उप-शाखाको प्रमुख वा कार्यपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारी

आमन्त्रण उद्यमशिलता विकास अधिकृत (मेडपा),
ईलाका प्रशासन कार्यालय प्रतिनिधि,
ईलाका प्रहरी कार्यालय प्रतिनिधि,
स्थानीय तह स्थित बैंकका प्रतिनिधि,
वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि,
स्थानीय तह स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**८. स्थानी तहको सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

- वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, निजका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि सम्बन्धित शाखालाई आवश्यक दिशा निर्देश गर्ने,
- अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,
- आप्रवासी श्रोत उपकेन्द्रको व्यवस्थापन तथा संचालनका लागि आवश्यक सम्बन्धित निकायसँग समन्वय गर्नुका साथै उक्त श्रोत केन्द्र प्रभावकारी सन्चालनका लागि आवश्यक दिशा निर्देश गर्ने ।
- सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु संचालन गर्न आवश्यक मोड्युल तयारीको लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने,
- रोजगारीको लागि आवश्यक सीप तालिमको ब्यवस्था गर्न, सीपयुक्त र ठगी मुक्त समुदाय घोषणा गर्न आवश्यक दिशा निर्देश गर्ने,

- निर्देशक समितिद्वारा कम्तिमा चौमासिक रुपमा आप्रवासी श्रोत उपकेन्द्र लगायतको गतिविधिहरुको अनुगमन गरी समीक्षा गर्ने । साथै उप प्रमुखको संयोजकत्वमा नियमित रुपमा अनुगमन कार्यलाई निरन्तरता दिने,
- अन्य विषयगत शाखा/समितिहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,
- आवधिक रुपमा बैठक बसी संचालित कार्यक्रमहरुको प्रगति समिक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्ग निर्देश गर्ने,
- सुरक्षित आप्रवासनसँग (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धित कार्यपालिकाद्वारा प्रदत्त अन्य कार्यहरु गर्ने ।
- वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा सुरक्षित आप्रवासन सम्बन्धी समिति गठन गरी सचेतनामुलक कार्यक्रमहरु संचालनको लागि दिशा निर्देश गर्ने ।

## परिच्छेद-५
## श्रोत तथा जनशक्ति व्यस्थापन

**९. श्रोत व्यवस्थापनः**

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र नगरपालिकाको आन्तरीक श्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको सुनिश्चित गरिनेछ । यसको साथै अन्य स्थानीय तहहरु, साझेदार संस्था/नियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीतामा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिने छ ।

**१०. आवश्यक जनशक्ति व्यवस्थापनः**

| पद | संख्या | तह | योग्यता तथा अनुभव |
|---|---|---|---|
| अधिकृत | १ | छैठौं | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरि कम्तीमा ३ वर्ष सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा कार्य अनुभव भएको । समन्वय, सहजिकरण, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा प्रतिवेदन सम्बन्धि अनुभव भएको । |
| आप्रवासी | २ | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा |

| | | | |
|---|---|---|---|
| स्रोत उपकेन्द्र परामर्शकर्ता | | | प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगार क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको । अनलाईन डाटा ईन्ट्री र प्रतिवेदनसम्बन्धी ज्ञान, वहुपक्ष समन्वय र सहकार्य सम्बन्धी ज्ञान, वैदेशिक रोजगार ऐन, नियम तथा निर्देशिका र कानून सम्बन्धी ज्ञान भएको । |
| मनोसामाजिक परामर्शकर्ता | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातकतहतह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी २ वर्ष अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता । |
| वित्तीय साक्षरता सहजकर्ता | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता । |
| सामाजिक परिचालक | आवश्यकता अनुसार | पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा भएको ।सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको वा वैदेशिक रोजगारीबाट फर्किएकालाई प्राथमिकता । |
| रिटर्नी परिचालन | आवश्यकता अनुसार | श्रेणी विहीन | कक्षा १० उत्तीर्ण गरि वैदेशिक रोजगारका लागि मलेशिया वा खाडिमुलुकमा गई कम्तीमा २ वर्ष काम गरि फकिएको हुनुपर्ने छ । सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धि ज्ञान भएको । |

कर्मचारी भर्ना तथा नियुक्त गर्दा शिवराज नगरपालिकाको कर्मचारी भर्ना सम्बन्धी निर्देशिका तथा नेपाल सरकारको समावेशी मापदण्डलाई अनुशरण गरिने छ । सामी परियोजना लागू भएको यस शिवराज नगरपालिकाको सन्दर्भमा हाल कार्यरत जनशक्तिहरुको क्षेत्रगत विज्ञताको आधारमा क्रमसः आन्तरीकिकरण गरी वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापनलाई दिगो रुपमा संस्थागत गरिने छ ।

## परिच्छेद -६
विविध

**११. समन्वय तथा सहकार्य :**

वैदेशिक रोजगारीको क्षेत्र बहु सरोकारको विषय भएकोले अन्य स्थानीय तहहरु, प्रदेश सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्डको सचिवालय तथा दातृ निकाय र विकास साझेदारहरुको सहकार्यमा सुरक्षित आप्रवासन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै स्थानीय तहले सञ्चालन गरेका सेवाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा समन्वय ईकाई, जिल्ला प्रहरी कार्यालय, विषयगत विशेषज्ञ संस्थाहरु, आप्रवासनको क्षेत्रमा काम गर्ने संघ, संस्थाहरु तथा अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी बनाईने छ ।

**१२. कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः**

कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ । यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा नगरपालिका प्रमुखले तत्काल पालिका स्तरीय सुरक्षित आप्रवासन सम्बन्धी निर्देशक समितिको बैठक राखी बाधा अड्काउ फुकाउन सक्नेछ । यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**आज्ञाले**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**